# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३० ] काठमाडौं, फागुन २३ गते २०३७ साल [ अतिरिक्ताङ्क ६८

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालयको
### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

महाकाली अंचल अदालतका अंचल न्यायाधीश श्री अभयकान्त झाको एक सदस्यीय विशेष अदालत गठन गरिएको छ ।

कंचनपुर जिल्ला अदालतमा दायर रहेको भु. पु. सहायक मन्त्री श्री लवरू राना थारूको जाहेरीले वादी श्री ५ को सरकार प्रत्येवादी फरेष्टर मानेश्वर मण्डल, वन पाले खड्कबहादुर खड्कासमेत भएको नन्दलाल थारूको हत्या गरियो भन्ने ज्यान मुद्दा उक्त अदालतबाट झिकी कारवाई र किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ ।

यस विशेष अदालतले महाकाली अंचलभित्र जहाँ सुकै पनि आफ्नो इजलास कायम गर्न सक्नेछ।

आज्ञाले–
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको निमित्त सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।